नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आश्विन/कार्तिक २०६६(October 2009) वर्ष १३/अंक १५१

## दिने बाबुका दिने छोराछोरीहरू

**आश्विन ३ गते/सेप्टेम्बर १९ तारिख शनिबार ज्ञानेश्वर मण्डलीको आराधना सेवामा आदरणीय पाष्टर गुरूबाले बोल्नुभएको वचनको संक्षेप:**

प्रभुले ज्ञानेश्वर मण्डलीलाई धेरै आशिष् दिनुभएको छ अनि हामी प्रभुप्रति साँच्चै धन्यवादी छौं । थुप्रै कुराहरू प्रभुले हामीलाई सिकाउनुभएको छ । अझै कति कुराहरू सिक्न बाँकी नै छ । तर पनि जे जति कुरा हामीले प्रभुबाट सिक्न पाएका छौं, ती कुराहरूको लागि हामी प्रभुप्रति धन्यवादी छौं । एउटा कुरा हामीले के सिकिरहेका छौं भने हामी दिने बाबुका छोराछोरीहरू हौं । दिने कुरामा उहाँले आफ्नो एक मात्र पुत्रलाई पनि बाँकी राख्नुभएन तर हामी सबैका लागि उहाँले दिइहाल्नुभयो (यूहन्ना ३:१६) ।हाम्रा परमेश्वर दिने परमेश्वर हुनुहुन्छ (याकूब १:१७) । यहाँसम्म कि उहाँले आफैलाई पनि बाँकी राख्नुहुन्न । यति साह्रो प्यार गर्नुहुन्छ, हामीहरूलाई उहाँले हामीलाई आफ्नो एकमात्र पुत्रमा भएर आफैलाई पनि हाम्रो निम्ति दिइहाल्नुभएको छ । हामीले ज्ञानेश्वर मण्डलीमा धेरै पल्ट यो कुरा सिकिराखेका छौं ।

प्रभुलाई धन्यवाद होस्, दशांश दिने कुराहरू, अन्य भेटी दिने कुराहरूमा हामीलाई प्रभुले उत्साह दिइराख्नुभएको छ । हाम्रा भाइ बहिनीहरू तपाईंहरूले मुट्ठी खोलेर दिन लाग्नुभएको छ । दिने कुराको सम्बन्धमा विचार गर्दाखेरि त्यो समयमा म्यासेडोनियाको चर्च, दिने कुरामा उनीहरूले अरूहरूलाई एकदमै ठूलो उदाहरण दिन सके । २ कोरिन्थी ८:२ मा यसरी लेखिएको छ, ***"कष्टको भयङ्कर परीक्षाको बीचमा पनि प्रशस्त आनन्द र घोर दरिद्रतामा तिनीहरूले उदार-चित्तले दान दिए ।"*** म्यासेडोनियाका मण्डलीका मानिसहरूको लागि त्यो समय धेरै गाह्रो र कष्टको थियो । तिनीहरू धनी मानिसहरू थिएनन् गरीब मानिसहरू थिए अनि घोर दरिद्रतामा र कष्टमा तिनीहरु थिए । त्यतिबेला मण्डलीमा धेरै प्रकारको दबाब र जोखिम थियो र पनि तिनीहरूले उदार चित्तले दान दिए । ३ पद ***"किनकि म गवाही दिन्छु, कि तिनीहरूले आफ्नो औकातअनुसार र औकातभन्दा बढी पनि आफ्नै राजीखुशीले दिए ।"*** तिनीहरुले रूपैया पैसा मात्र होइन तर आफ्नो जीवननै प्रभुमा समर्पण गरे ।

५ पदमा लेखिएको छ, ***"हामीले अपेक्षा गरेबमोजिम तिनीहरूले गरेनन्, तर तिनीहरूले पहिले आफैलाई प्रभुमा अर्पण गरे, र परमेश्वरको इच्छाअनुसार हामीलाई दिए ।"*** म्यासेडोनियाका विश्वासीहरूले दिएको कुरामा पहिले तिनीहरूले आफैलाई प्रभुमा समर्पण गरे त्यसपछिबाट भेटी उठाएर तिनीहरूलाई अरू मण्डलीहरूको सहायताको लागि दिए । पहिले आफैलाई दिए, त्यसपछिबाट मात्रै मण्डलीलाई ।

हाम्रो मण्डलीमा शुरू-शरूका दिनहरूमा हामीहरूलाई धेरै समस्या भयो । जब हामीले दशांशको शिक्षा दिन लाग्यौं, त्यतिबेलामा मण्डली सानो थियो । तर कति मण्डली नआउनेहरूले पनि दशांश दिन लागे अनि हाम्रो लागि एउटा समस्या लिने कि नलिने । त्यस्ताहरूबाट दशांश लिने कि नलिने जुनहरू सेवा संगतिमा आउँदैनन् । हामी मण्डलीले निर्णय गर्‍यौं कि त्यस्ताहरूबाट दशांश लिन मिल्दैन । संगतिमा नै नभएकाहरूसँग कसरी दशांश लिने ? हामीलाई पैसा होइन तर संगति चाहिएको हो । प्रभुलाई नचिन्ने मानिसहरूले चन्दा दिन्छन् । हामी विश्वासीहरू चन्दा होइन तर भेटी दिन्छौं ।

हामी प्रभुमा समर्पण गरिएका परमेश्वरका सन्तानहरू, अनि पिता पुत्र पवित्र आत्माको नाउँमा पानीको बप्तिस्मा लिएकाहरू हामी परमेश्वरलाई धन्यवाद स्वरूप भेटी चढाउँछौं । प्रभु येशू ख्रीष्टले लूका ११:९ मा भन्नुभयो ***"माग त तिमीहरूलाई दिइनेछ ।"*** लूका ६:३८ मा लेखिएको छ, ***"देओ, र तिमीहरूलाई पनि दिइनेछ । मानिसहरूले प्रशस्त परिमाणमा खाँदी-खाँदी बेसरी हल्लाएर, पोखिने गरी तिमीहरूको पोल्टामा राखिदिनेछन् । किनकि जुन नापले तिमीहरू दिन्छौ, त्यही नापमा तिमीहरूले पनि फिर्ता पाउनेछौ ।"*** एकापट्टि माग त दिइनेछ अर्कोपट्टि देओ त दिइनेछ । यहाँ कुरा बाझिएको जस्तो देखिन्छ तर खास कुरा के हो भने साना-साना केटाकेटीहरू जसले परिश्रम गर्न, काम गर्न सक्दैनन्, तिनीहरूले माग्न सक्छन् र ठूलाहरूले उनीहरूलाई दिन्छन् । हामीहरूका परमेश्वर धनी हुनुहुन्छ र हामीले पनि माग्नुपर्छ । हामीले मागेको र प्रार्थना गरेको उहाँलाई मन पर्छ । तर हामी उहाँकहाँ भिखारीले जस्तो माग्दैनौं तर पुत्रको अधिकारमा आफ्नो आवश्यकताको पूर्तिका लागि माग्छौं । प्रभुले हामीलाई सबै एकैचोटिमा दिनुहुन्न किनकि उहाँले हामीलाई दैनिक प्रार्थनामा गएको बेलामा देख्न (हेर्न) चाहनुहुन्छ । याकूब ४:२ मा लेखिएको छ, ***"तिमीहरू इच्छा त गर्दछौ, तर पाउँदैनौ ... तिमीहरूसित हुँदैन, किनभने तिमीहरू परमेश्वरसँग माग्दैनौ ।"*** यो त केटाकेटीहरूको लागि भनिएको हो । तर ठूलाहरूको लागि आफै कमाउन सक्नेहरूका लागि उहाँ भन्नुहुन्छ ***"देओ त तिमीहरूलाई दिइनेछ ।"*** प्रभुसँग माग्ने बेला कति जना ख्रीष्टियानहरू आफ्नो मुट्ठी बन्द गरेर माग्छन् तर प्रभु भन्नुहुन्छ, ***"पहिला तिम्रो हातमा भएको कुरा फालिदेऊ अनि मबाट त्यो भन्दा बहुमूल्य कुरा थाप ।"***

धेरैजना ख्रीष्टियानहरू परमेश्वरका सन्तान भए तापनि आज गरीब छन् किनकि तिनीहरूले आफूसँग भएको अलिकति कुरा पनि मुट्ठी पारेर राखेका छन् । परमेश्वरले मुट्ठी पारेको हातमा आशिष् दिन सक्नुहुन्न तर खाली हातमा उहाँले आशिष् दिनुहुन्छ । यसकारण हामीले जति दिन्छौं हामीहरूलाई त्यति दिइनेछ । हामीहरूको समर्पण पक्का प्रकारको समर्पण हुनुपर्छ । हामी **'सबैथोक तपाईंलाई दिन्छु'** भन्ने गीतहरू गाउँछौं तर हाम्रो जीवनको कतिपय कुराहरू कन्जुस्याईं गरेर आफैसँग राख्छौं । हामीसँग भएका कुरा मात्र होइनन् तर आफूसँग नभएका कुरा पनि उहाँलाई समर्पण गर्नुपर्छ । आफूसँग भएका अभाव, गरीबी, चिन्ता-फिक्री, रोग बिमार पनि उहाँलाई दिनुपर्छ ।

१ पत्रुस २:२४ ***"हामी पापका लेखी मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरूद्वारा हामी निको भयौ ।"*** हामी आफ्ना रोगहरू आफै च्यापेर राख्छौं, प्रभुलाई दिन्नौं । जसरी हामीले आफ्ना पाप उहाँलाई दिएको कारण हामीले हाम्रा पापदेखि छुट्कारा पाएर आनन्दित भएका छौं । त्यसरी नै हामीले पनि आफ्ना रोग, समस्या जस्ता कुराहरु पनि उहाँलाई दिनुपर्छ । हामीले आफूसँग भएका सम्पूर्ण कुरा उहाँलाई

दिनुपर्छ । सारपतकी विधवाले छोरोको लागि राखेको अन्तिम भोजन ल्याएर परमेश्वरको जनलाई खान दिई र अनिकालको समयभरि त्यस घरमा कहिल्यै अभाव भएन । म्यासेडोनियाको मण्डलीले पनि अभावमा दियो । पाँच रोटी र दुई माछा प्रभुलाई दिने ठिटोले आफूसँग केही नराखी प्रभुलाई दिएको कारण त्यहाँ आश्चर्य कर्म भयो र हजारौंले खाएर पनि बाह्र डाला उब्रियो । हामीले आफ्नो सबै कुरा प्रभुलाई दिनुपर्छ । हननिया र सफिराले जस्तो पछि पछुताएर हुँदैन । हामीले पनि उनीहरूले जस्तो ढाँटेको कारण प्रभुबाट जुन आशिष पाउनुपर्ने हो र जति प्रभुमा बढ्नुपर्ने हो सो सकिरहेका छैनौं । २ कोरिन्थी ९:६ मा लेखिएको छ, ***"तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ ।"*** प्रभुले दिने आशिष जुन नापले हामी दिन्छौं त्यसैमा निर्भर गर्छ । धेरै र थोरै भन्ने कुरा औकातअनुसार दिएकोमा निर्भर हुन्छ । जसको जति छ, त्यतिबाट दिएकोबाट नै त्यसको गन्ती हुन्छ । जसरी विधवाले दिएको दुई पैसाको भेटीलाई प्रभुले सबैभन्दा बढी भेटी दिएको भनी भन्नुभएको थियो ।

मसँग केही पनि छैन म गरीब छु नभन्नुहोस् । तपाईं प्रभुलाई दिन मसँग केही पनि छैन भन्नुहुन्छ ? त्यसो भन्नुहुन्छ भने तपाईसँग पनि केही हुँदैन । किनकि प्रभुलाई हामी जति मात्रामा दिन्छौं त्यसैलाई गुणन गरेर उहाँले हामीलाई आशिष् दिनुहुन्छ । यदि हामीले केही पनि दिएनौं अर्थात् शुन्य दियौं भने शुन्यलाई सय वा हजार जतिले गुणन गरे पनि त्यो शुन्य नै हुन्छ । जे हामीले उहाँलाई दिन्छौं, प्रभुले पनि हामीलाई त्यही फिर्ता दिनुहुन्छ । दशांश दियौं भने पूरा दिनुपर्छ । कति इसाईहरूले दशांश दिन्छन् तर पनि तिनीहरूको जीवनमा अभाव र गरीबी छ किन ? मलाकी ३:१० ले भन्दछ, ***"सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिन ।"*** तर कति इसाईहरूले पूरा दशांश ल्याउँदैनन् यसकारण आशिष् छैन । हितोपदेश ३:९-१० ***"आफ्नो धन-सम्पति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर, तब तेरा ढुकुटीहरू पोखुञ्जेल भरिनेछन्, र तेरा भाँडाहरू नयाँ मद्यले चुलिएर पोखिनेछन् ।"*** यसकारण सबैलाई तिरेर रहेकोबाट परमेश्वरलाई दिने होइन तर सबभन्दा पहिलो भाग मात्र परमेश्वरलाई दिनुपर्छ ।

दिने कुरा रूपैया पैसा मात्रै होइन अरू पनि छन् । तपाईंले कसैलाई प्रेम दिनुभयो भने उसबाट पनि तपाईंले प्रेम नै पाउनुहुन्छ । यदि तपाईंले कसैलाई नराम्रो गर्नुभयो भने उसबाट पनि तपाईंले नराम्रो पाउनु हुनेछ । लूका ६:३७ ले भन्दछ, ***"अरूको न्याय नगर र तिमीहरूको पनि न्याय गरिनेछैन । अरूलाई दोषी नठहराओ, र तिमीहरू दोषी ठहराइनेछैनौ । क्षमा गर, र तिमीहरूलाई पनि क्षमा गरिनेछ ।"*** यसकारण हामीले अरूहरुलाई जे व्यवहार गर्छौं अरूबाट पनि हामीले त्यही व्यवहार पाउँछौं ।हामीले अरूहरूको दोष र इन्साफ खोज्यौं भने अरूहरूबाट पनि हामी त्यही पाउँछौं । यदि अरूहरूलाई क्षमा गर्छौं भने हामीले क्षमा पाउँछौं । लूका ६:३१ मा प्रभुले भन्नुभयो, ***"जसो मानिसहरूले तिमीहरूसँग गरून् भन्ने तिमीहरू इच्छा गर्दछौ, तिमीहरू पनि तिनीहरूसँग त्यसै गर ।"*** हामीले अरूबाट इज्जत, मान, सम्मान, प्रेम, वास्ता चाहन्छौं भने हामी पहिला ती कुराहरूलाई दिनुपर्छ । प्रभुले भन्नुहुन्छ, आफ्ना शत्रुहरूलाई पनि प्रेम गर। मर्कूस ११:२५ मा लेखिएको छ, ***"जब तिमीहरू प्रार्थना गर्न खडा हुन्छौ, तब कसैको विरूद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदिऊन् ।"*** हाम्रा अपराध क्षमा पाउनको लागि हाम्रा भाइ बहिनीहरूलाई पनि क्षमा गर्नुपर्छ । यसो गर्न सक्नका लागि येशूको रगतले धोइपखाली हामीलाई किन्नुभयो र हामीभित्र उहाँको आत्मा हालिदिनुभएको छ । यसकारण हामीमा आत्माका फलहरू फल्नुपर्छ ।

यसकारण हामी दिने बाबुका दिने छोराछोरीहरू हौं । हामीसँग भएका पैसा, समय, जीवन र अरू सबै कुरा प्रभुलाई देऔं र उहाँले पनि हामीलाई सबै कुरा दिनुहुनेछ । त्यस्तै अरूहरूलाई प्रेम र क्षमा देऔं र हामीले पनि अरूहरूबाट त्यही पाउनेछौं । यसकारण देऔं र प्रभुबाट आशिष पाउनेहरू होऔं ।

प्रस्तुति–लेखनाथ पौडेल

## विशेष प्रार्थनाको अनुरोध

आश्विन १५-२१ गते/अक्टोबर १-७ तारिख बिहीबारदेखि बुधबार सम्म आदरणीय पाष्टर गुरूबाले हङ्कङ्गमा रहेका नेपाली मण्डलीहरूमा हुने सेवा संगति साथै सभाहरूमा वचनको सेवकाई गर्दैहुनुहुन्छ । उहाँको सेवकाईको लागि प्रार्थना गरिदिनुहुन अनुरोध छ साथै उहाँ आश्विन २२ गते/अक्टोबर ८ तारिख बिहीबार फर्कनुहुनेछ ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ, सुन्दरीजल |
| | | महिनामा दुईपल्ट | जोरपाटी, |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ वानेश्वर |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा | सुन्दरीजल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आश्विन २४ गते, अक्टोबर १० ता. | पाष्टर सामुएल कार्थक | डीकन दिल थापा | पाष्टर एस.सोदेम्बा | पाष्टर रोबर्ट कार्थक | पाष्टर दफ्तन सादा | पाष्टर अशोक मुखिया | डीकन जमान तामाङ्ग | श्री सिद्धि खालिङ | डीकन दानियल सापकोटा | डीकन श्यामकृष्ण रंजित | श्री कुमार सेन्चुरी | पाष्टर प्रेम श्रेष्ठ |
| आश्विन ३१ गते, अक्टोबर १७ ता. | पाष्टर प्याट्रिक लाउ पाष्टर सामुएल कार्थक | डीकन सिमोन खालिङ | पाष्टर रोबर्ट कार्थक | पाष्टर महेश थाँजु | डीकनेस् श्रीलक्ष्मी सैंजु | श्री मान ब. मगर | श्री राज गुरूङ्ग | पाष्टर अशोक मुखिया | संयुक्त सेवा जोरपाटी चर्च | श्री उदय लामा | डीकन बी.एन. पण्डित | संयुक्त सेवा जोरपाटी चर्च |
| कार्तिक ७ गते, अक्टोबर २४ ता. | डीकन अर्जुन ढकाल | पाष्टर रोबर्ट कार्थक डीकन जनकलाल श्रेष्ठ | पाष्टर महेश थाँजु | एल्डर कर्ण तामाङ्ग | डीकन रूबेन श्रेष्ठ | श्री राजु घिसिङ्ग | सुश्री भिममाया तामाङ्ग | डीकन सामुएल क्षेत्री | डीकन जमान तामाङ्ग | श्री भुवन देवकोटा | श्रीमती नविना लिम्बु | डीकन सागर थापा |
| कार्तिक १४ गते, अक्टोबर ३१ ता. | पाष्टर महेश थाँजु | पाष्टर राजेन्द्र रोंगोंग | पाष्टर बर्णबास श्रेष्ठ | डीकनेस् अमृता कार्थक | श्री प्रेम ब. ठकुरी | डी. पूर्ण सुनुवार | श्री कृष्ण श्रेष्ठ | श्री बाघमान तामाङ्ग | डीकन अष्ट श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | श्रीमती सन्तु तामाङ्ग | पाष्टर एस.सोदेम्बा |
| कार्तिक २१ गते, नोभेम्बर ७ ता. | पाष्टर रोबर्ट कार्थक | श्री शरण रूचाल श्री छ्योगेन रोंगोंग | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर बर्णबास श्रेष्ठ | श्री सिमोन भण्डारी | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्री दिप राई | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर एस.सोदेम्बा | श्री किशोर राई | संयुक्त सेवा गोंगबूँ चर्च | श्रीमती सावित्री थापा |

## जानकारी

- भाद्र २० गते, ०६६/सेप्टेम्बर ५ ता. ०९ शनिबार नेइम ज्ञानेश्वर मण्डलीको ३९ जना, नेइम नगरकोट मण्डलीको १४ जना र नेइम सिर्जनानगर मण्डलीको ३ जना गरी जम्मा ५६ जनाले मण्डलीमा समर्पण गर्नुभयो ।
- आश्विन १ गते/सेप्टेम्बर १७ ता. बिहीबार नेइम गोंगबूँ मण्डलीको १५ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।
- आश्विन ३ गते/सेप्टेम्बर १९ ता. सोमबार नेइम गोंगबूँ मण्डलीअन्तर्गत रसुवा मण्डलीको ६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।
- सिर्जनानगर मण्डलीबाट श्री दिनेश नेपाली, रसुवाबाट श्री राम भक्त वाइबा, रातेमाटेबाट सुश्री सपना थपलिया र सुश्री मनिता पौडेल र भारतको मुम्बईबाट सुश्री स्वीटी नेपाली पोखरा बाइबल स्कूलमा १० महिनाको तालिमको लागि जानुभयो ।

## अक्टोबर **महिनाको कार्यक्रम**

- ✦ आश्विन ३१ गते/अक्टोबर १७ ता. शनिबार देखि कार्तिक २ गते /अक्टोबर १९ ता. सोमबारसम्म **युवा क्याम्प** ज्ञानेश्वर मण्डलीमा
- ✦ कार्तिक १ गते/अक्टोबर १८ ता. आइतबार **महिला उपवास प्रार्थना** बिहान १०:०० बजे आ-आफ्नै मण्डलीमा

## प्रार्थनाका विषयहरू

१. आदरणीय पाष्टर गुरूबा हङ्कङ्गमा रहेका नेपाली मण्डलीहरूको सम्मेलनहरूमा वचनको सेवकाई गर्दैहुनुहुन्छ । उहाँको सेवकाई र फर्किने यात्रा साथै हङ्कङ्गमा भएका नेपाली मण्डलीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. देशको बिग्रँदो अवस्थाबाट नेपाल देश निको हुन सकोस् र देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक तथा सम्पूर्ण क्षेत्रमा परिवर्तन आएको होस् ।

३. नेपाल देशमा भएका सबै मण्डलीहरूले पवित्र आत्माको बप्तिस्मा पाउन सकून् र आत्माको भरपूरीमा बरदान चलाउने मण्डलीहरू हुन सकून् ।

४. विभिन्न माध्यमहरू जस्तैः रेडियो, एफ.एम., टि.भी.द्वारा प्रचारिएको सुसमाचारले धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् साथै यो क्षेत्रमा सेवकाई पुऱ्याइराख्नुभएकाहरूको सेवकाईको लागि प्रार्थना गरिदिऔं ।

५. नेइम परिषद्का पाष्टर, एल्डर, डीकन, डीकनेस्हरूको काम-व्यवसाय, परिवार साथै उहाँहरू एउटै दर्शनमा रहेर मण्डलीलाई डोऱ्याइराख्न सकून् ।

६. नेइम ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, गुर्जुधारा, सुन्दरीजल मण्डलीहरूको सेवा संगतिहरू अझै बढ्दै र फैलँदै जान सकोस् ।

७. नेइम अन्तर्गतका शाखा/आवद्ध मण्डलीहरूका अगुवा गुरूजनहरू, उहाँहरूको परिवार, सेवकाई साथै मण्डलीका सबै आवश्यकता र विश्वासीहरूको लागि प्रार्थना गरौं ।

८. शाखा/आवद्ध मण्डलीहरू प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचारको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् ।

९. मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, शुरू भएको संगति झुण्डको लागि साथै उहाँहरूको सेवकाईद्वारा अझ धेरै प्रभुको राज्यमा आउन सकून् ।

१०. चाडपर्वको समयमा अधूरा घर परिवारमा भएका विश्वासीहरू सबै परिस्थितिमा आफ्नो विश्वासमा स्थिर र अटल भई प्रभुमा रहिरहन सकून् ।

## जानकारी

प्रत्येक नेपाली महिनाको पहिलो शनिबार जोरपाटी मण्डलीको निम्ति जग्गा किन्नको लागि **विशेष भेटी** उठाइनेछ साथै अरू समयहरूमा पनि मण्डली अफिसमा आएर पनि भेटी दिन सक्नुहुनेछ । समयमानै मण्डली भवनको जग्गा किनी मण्डली भवन बनाउन सकून् भनी प्रार्थना गरौं ।

## दैनिक प्रार्थनाका विषयहरू

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **१८** 4<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकून् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>१ तिमोथी २:१-८ | **२५** 11<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिउन र प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ५:१-२ | **१ कार्तिक** 18<br>हिजोदेखि शुरू भएको युवा क्याम्पमा जवानहरूले परमेश्वरको प्रेमलाई अझै गहिराइमा बुझ्न सकून् ।<br>भजनसंग्रह ११९:१-१८ | **८** 25<br>गाउँघरमा रहेका मण्डलीहरू साथै शाखा/आवद्ध मण्डलीहरू प्रभुको प्रेममा दिन प्रति दिन बढ्दै जान सकून् ।<br>हितोपदेश २:७-८ | **१५** November 1<br>मण्डलीमा भइरहेको सबै साप्ताहिक संगतिहरू र सभाहरूमा परमेश्वरको आशिष् मागौं ।<br>कलस्सी २:६-७ |
| **सोमबार MONDAY** | **१९** 5<br>मण्डलीको प्रार्थना सभाहरूमा अझै धेरैजना मण्डलीसँग मिलेर प्रार्थना गर्नको लागि आउन सकून् र प्रशस्त उत्तरहरू पाउन सकौं ।<br>कलस्सी ३:१४-१७ | **२६** 12<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा खीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:१४ | **२** 19<br>यहोवा यीरे जवानहरूले युवा क्याम्पमा पाएका आशिष्हरूमा आज्ञाकारी र विश्वासयोग्य भई प्रभुमा अझै अघि बढेर जान सकून् ।<br>१ तिमोथी ६:४-१४ | **९** 26<br>हामी सबै विश्वासीहरू सबै क्षेत्रमा परमेश्वरको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>फिलिप्पी २:१२-१७ | **१६** 2<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टलाई साँचोसँग पछ्याउने निर्णय लिएर बप्तिस्माको कदम उठाउन सकून् ।<br>यूहन्ना १०:२७-२९ |
| **मंगलबार TUESDAY** | **२०** 6<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं ।<br>यूहन्ना १५:१६ | **२७** 13<br>पवित्र आत्मा परमेश्वरले दिनुभएको स्वतन्त्रता, चंगाई, छुट्कारा, बल, साहस, शान्ति पाएर परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकौं ।<br>लूका १८:३५-४३ | **३** 20<br>लागु पदार्थ, जाँड रक्सी, चुरोट साथै अरू किसिमका बन्धनमा फसेका सबै छुटकारा पाई परिवर्तनको जीवन जिउन सकून् ।<br>यशैया १०:२७ | **१०** 27<br>ऋण, मुद्दा, बेरोजगार, रोग साथै अन्य समस्या परेकाहरूको समस्या समाधान साथै छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं ।<br>फिलिप्पी ४:५-७ | **१७** 3<br>मण्डलीका सबै विश्वासीहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउने क्षेत्रमा अझै बोझ र दर्शनसाथ लागिपर्न सकून् ।<br>भजनसंग्रह ४०:९-१० |
| **बुधबार WEDNESDAY** | **२१** 7<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एक आपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>हिब्रू १०:२४-२५ | **२८** 14<br>प्रभुले थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>२ तिमोथी ३:१४-१५ | **४** 21<br>बाल संगतिका सबै शिक्षक/शिक्षिकाहरूले बोझ र दर्शन लिएर बाल बालिकाहरूलाई प्रभुमा डोऱ्याउन सकून् ।<br>कलस्सी ३:२३-२४ | **११** 28<br>यहोवा यीरे झुण्डका अगुवाहरूले आ-आफ्ना झुण्डहरूलाई पवित्र आत्माको ज्ञान, बुद्धि र अगुवाईमा हुर्काउन, बढाउन र डोऱ्याउन सकून् ।<br>हिब्रू १३:२१ | **१८** 4<br>अगुवाको स्थानमा रहनुभएकाहरूले उदाहरण भएर आफ्नो बगालको हेरचाहा गर्न सकून् ।र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस५: १-४ |
| **बिहीबार THURSDAY** | **२२** 8<br>बाल संगतिका प्रत्येक बाल बालिकाहरूले प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी ग्रहण गर्न सकून् र प्रभुको शिक्षामा बढ्दै जान सकून्।<br>मत्ती १९:१३-१५ | **२९** 15<br>मण्डलीका सबै जवानहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई उहाँको इच्छा पूरा गर्ने जवानहरू बन्न सकून् ।<br>१ यूहन्ना २:१५-१७ | **५** 22<br>सबै दाजुभाइहरू आफ्नो परिवारमा पूजाहारी भएर आफ्नो परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>प्रेरित १०:१-२ | **१२** 29<br>परिवारहरूमा श्रीमान् र श्रीमती बीचमा परमेश्वरको शान्ति, मेलमिलाप र समझदारी बढेर गएको होस् ।<br>१ पत्रुस ३:१-१७ | **१९** 5<br>मण्डलीका सबै दिदी बहिनीहरू प्रभुमा अझै परिपक्व र व्यावहारिक हुँदै जान सकून् ।<br>कलस्सी १:१० |
| **शुक्रबार FRIDAY** | **२३** 9<br>भोलि प्रचारिने वचनद्वारा वचन सुन्ने हरेकको जीवनमा आत्माको नयाँ काम भएको होस् ।<br>हिब्रू ४:१२ | **३०** 16<br>भोलिदेखि हुने तीन दिनको युवा क्याम्पमा वचनको सेवकाई गर्नुहुने साथै वचन सुन्ने जवानहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यर्मिया २९:११-१३ | **६** 23<br>भोलि नेपालभरि हुने आराधना सेवामा परमेश्वरसँग सबैको भेट भएको होस् ।<br>हितोपदेश ८:३२-३६ | **१३** 30<br>भोलि नेपालभरि हुने आराधना सेवामा गरेको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | **२०** 6<br>सुनेको वचनद्वारा मण्डली अझै आज्ञाकारी र प्रभुमा समर्पित हुँदै जान सकून् ।<br>१ शमूएल १५:२२-२३ |
| **शनिबार SATURDAY** | **२४** 10<br>विश्वभरि रहेका सबै खीष्टिय संघ संस्थाहरूले आफ्नो कामद्वारा प्रभुको राज्यमा धेरै मानिसहरूलाई ल्याउन सकून् ।<br>प्रेरित २०:२४ | **३१** 17<br>भोलि हुने महिला उपवास प्रार्थनाद्वारा आमा दिदी बहिनीहरूको जीवनमा परिवर्तन, छुट्कारा, निको हुवाई, स्वतन्त्रता आएको होस् ।<br>गलाती ५:१३-२६ | **७** 24<br>सेवकाईमा सहायता पुऱ्याइराख्नुभएकाहरूको परिवारहरूले पनि सेवकाईमा साथ दिन सकून् साथै परिवारको आवश्यकताको लागि प्रार्थना गरिदिऔं ।<br>मत्ती ६:३३ | **१४** 31<br>विभिन्न देशहरूमा पढाइ, काम-व्यवसाय तथा अन्य कारणले जानुभएकाहरूको सुरक्षा सबै कुरामा आशिष् मागिदिऔं ।<br>भजनसंग्रह १७:५-८ | **२१** 7<br>मण्डलीको चार खाँबो पुरूष, महिला, युवा, बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |



प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nim.org.np